५) शैक्षिक कार्यक्रम सम्बन्धमा (गा. पा. शिक्षा)
६) पञ्चालिङ्गको संघिय अनुदान शिक्षक माग सम्बन्धमा
७) शैक्षिक गुणस्तर मा सुधार गर्नको लागी कार्यविधि निर्माण सम्बन्धमा

निर्णयहरु:

प्रस्ताव नं. १ माथी छलफल गर्दा सर्त सर्तको रकम बार दुट ग्रेड रकम दिने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथी छलफल गर्दा चेमेपेस्वारा बाल विकासको अनुगमन पश्चात आवश्यक कार्यवाही गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथी छलफल गर्दा अनुसन्धान कार्य का लागी पेश भएका प्रस्ताव हरु संकलन गरी गाउँ कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथी छलफल गर्दा प्रा. शि. स्थाई तृतिय श्रेणीका शिक्षक / शिक्षिकाहरु शिक्षा विकास तथा समन्वय इकाइ विदुर, नुवाकोट बाट नियुक्ति लिई आउनु भएकाले निज शिक्षक / शिक्षिका लाई मेरिट र आधारमा तपसिल बमोजिमको विद्यालयमा पदस्थापन गर्ने निर्णय गरियो ।

पदस्थापन गर्नु पर्ने उम्मेदवारहरु

क्र. सं. शिक्षकहरुको नामथर स्थाई ठेगाना तह श्रेणी. विद्यालयको नाम

| | कर्मचारीको नाम | स्थायी ठेगाना | तह श्रेणी | खटन पाठन भएको विद्यालय |
|---|---|---|---|---|
| १ | हरि प्रसाद देवकोटा | विदुर न.पा. ७ नुवाकोट | प्राथमिक शिक्षक तृतीय | श्री ऐसेलु भूमे मा.वि. किस्पाङ गा.पा.३, नुवाकोट |
| २ | देव राज जोशी | दोगडाकेदार-३ बैतडी | प्राथमिक शिक्षक तृतीय | श्री ऐसेलु भूमे मा.वि. किस्पाङ गा.पा.३, नुवाकोट |
| ३ | सिद्धिराज खनाल | चन्द्रागिरी न.पा.१ काठमाण्डौ | प्राथमिक शिक्षक तृतीय | श्री चन्द्रज्योती आ.वि. किस्पाङ गा.पा.२, नुवाकोट |
| ४ | मिलन लम्साल | चापाकोट- ८ स्याङजा | प्राथमिक शिक्षक तृतीय | श्री जल्जुखोला मा.वि. किस्पाङ गा.पा.१, नुवाकोट |
| ५ | रामवावु धमला | विदुर न.पा. १० नुवाकोट | प्राथमिक शिक्षक तृतीय | श्री डिकेप महादेव आ.वि. किस्पाङ गा.पा.१, नुवाकोट |
| ६ | सुरेन्द्र तिमिल्सिना | विदुर न.पा. १० नुवाकोट | प्राथमिक शिक्षक तृतीय | श्री साल्मे मा.वि. किस्पाङ गा.पा.४, नुवाकोट |
| ७ | गोकर्ण प्रसाद न्यौपाने | किस्पाङ गाउँपालिका २ नुवाकोट | प्राथमिक शिक्षक तृतीय | श्री नुचेत आ.वि. किस्पाङ गा.पा.१, नुवाकोट |
| ८ | वद्रिनाथ फुयाल | किस्पाङ गाउँपालिका २ नुवाकोट | प्राथमिक शिक्षक तृतीय | श्री दुर्गम तारा आ.वि. किस्पाङ गा.पा.१, नुवाकोट |
| ९ | इन्दिरा भट्ट | तारकेश्वर गा.पा.-३ नुवाकोट | प्राथमिक शिक्षक तृतीय | श्री साल्मे मा.वि. किस्पाङ गा.पा.४, नुवाकोट |
| १० | सैलजा श्रेष्ठ | विदुर न.पा. १ नुवाकोट | प्राथमिक शिक्षक तृतीय | श्री कार्की मनकामना आ.वि. किस्पाङ गा.पा.५, नुवाकोट |
| ११ | मंगल तामाङ | विदुर न.पा. १३ नुवाकोट | प्राथमिक शिक्षक तृतीय | श्री साल्मे मा.वि. किस्पाङ गा.पा.४, नुवाकोट |
| १२ | मेलिना देवकोटा | विदुर न.पा. १० नुवाकोट | प्राथमिक शिक्षक तृतीय | श्री ज्योती आ.वि. किस्पाङ गा.पा.३, नुवाकोट |
| १३ | सावित्रा लम्साल | निलकण्ठ न.पा. धादिङ | प्राथमिक शिक्षक तृतीय | श्री भूमे देवी आ.वि. किस्पाङ गा.पा.५, नुवाकोट |

निर्णय नं. ५ माथि छलफल गर्दा यस किस्पाङ गाउँपालिका गाउँशिक्षा समितिको मितिः २०७९।१२।२१ गतेको बैठकबाट तपसिलका १९ बुदामा समेटिएका निर्णयहरु कार्यान्वयन गर्ने/गराउने निर्णय सर्वसम्मतले पारित गरियो ।

१. हरेक विद्यालयमा कम्तिमा प्रति कक्षा औसत १० जना विद्यार्थी हनु पर्ने, सो भन्दा कम भए स्वतः नजिकको विद्यालयमा मर्ज हुने तर दुई किलोमिटर भन्दा टाढा अर्को विद्यालय भए त्यस्ता विद्यालयको तह घटाउने, नजिकको विद्यालय ३ किलोमिटर भन्दा टाढा भए जति विद्यार्थी भए पनि यथा स्थितिमा संचालन गर्ने ।
२. विद्यालयको प्र.अ छनौट विशेष मापदण्ड बनाएर गर्ने, जुन तहको विद्यालय हो सोहि तहको योग्यता र अनुभव भएको मात्रै प्र.अ हुने ।
३. स्थानीय विषय पलिकाभर एकै विषय गर्ने र पाठ्यपुस्तकमा एकरूपता कायम गर्ने
४. कक्षा ५ र ८ को परिक्षा पालिका स्तरीय गर्ने, परीक्षा व्यबस्थित र मर्यादित बनाउन परीक्षा केन्द्र निर्धारण गरी परीक्षा संचालन गर्ने, परीक्षा संचालन गर्न छुट्टै परीक्षा बोर्ड बनाउने ।
५. गाउँ शिक्षा समिति र शिक्षा शाखाले विद्यालय नियमित छड्के अनुगमन गर्ने र गाउँ पालिकामा प्रतिवेदन पेस गर्ने ।
६. पालिका भित्रको शैक्षिक आबश्यकता र परिस्थितिलाई हेरी शिक्षकको सरुवा वा काज सरुवा गर्ने, अनियमित शिक्षकलाई विभागिय कारवाही गर्ने ।
७. खाजा कार्यक्रमको गुणस्तर अनुगमन गर्ने, जंक फुड पूर्ण प्रतिवन्द गर्ने
८. एक शिक्षक बराबर कम्तिमा १५जना विद्यार्थी हुनु पर्ने, सोही अनुसार दरवन्दी मिलान गर्ने ।
९. शिक्षकको मुल्याङ्कन गर्दा ५,८ र SEE परीक्षाको नतिजा समेतको आधारमा गर्ने ।
१०. ICT को प्रभावकारी उपयोग गराउने ।
११. प्र.अ. हरुलाई पदीय दायित्व प्रति थप जिम्मेवार बनाउने र उत्कृष्ट प्र.अ. तथा विषय शिक्षकहरूलाई पुरस्कृत गर्ने व्यवस्था गर्ने ।
१२. हरेक विद्यालयमा १ भन्दा तल कम्तिमा दुई वटा कक्षा (नर्सरी र एल.के.जी.) सञ्चालन गर्ने ।
१३. शैक्षिक गुणस्तर मापन गरी हरेक वर्ष उत्कृष्ट विद्यालय घोषणा र पुरस्कारको व्यवस्था गर्ने।
१४. ECA(अतिरिक्त क्रियाकलाप) को प्रभावकारी व्यवस्था गर्ने, गाउँपालिका ले हरेक महिना अन्तर पालिका स्तरीय ECA कार्यक्रम सञ्चालन गर्ने।
१५. हरेक विद्यालयले अनिवार्य शैक्षिक क्यालेण्डर निर्माण र कार्यान्वयन गर्नु पर्ने ।
१६. जनप्रतिनिधिहरु, विद्यालय शिक्षक, कर्मचारी तथा अन्य सरकारी सेवा प्राप्त गर्ने कर्मचारीहरुले अनिवार्य रुपमा सरकारी विद्यायमा आफ्ना बालबालिका भर्ना गर्नुपर्ने, नगरेमा पालिकाबाट हुने दैनिक सेवा प्रवाहमा असर पर्न सक्ने ।
१७. विद्यार्थीहरुको पाकेट चेक जाँच गर्दा नगद वा अन्य बहुमुल्य चिज फेला पारेमा शिक्षकहरु स्वयं जवाफदेही हुनुपर्ने ।
१८. वैसाख १ गते देखि १० गते सम्म अनिवार्य रुपमा घरदैलो अभियान जस्ता कार्यक्रमहरु अगाढी बढाई भर्ना कार्यक्रमलाई निरन्तरता दिने ।
१९. शिक्षक कर्मचारी र विद्यार्थीहरु सबैले अनिवार्य रुपमा विद्यालय पोषाक र परिचयपत्रमा उपस्थित हुनुपर्ने छ ।

किस्पाङ गाउँपालिका
गाउँपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल